हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरिनगर, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.स.:-२०७६/०७७ मिति:-२०७६/११/०१
च.न.:-१२६५

बिषयः- तालिममा सहभागी हुन आवेदन पेश गर्ने बारेको म्याद थप भएको सूचना ।

प्रस्तुत विषयमा हरिनगर गाउँपालिकाको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक विकास योजनामा समावेश गाउँपालिका क्षेत्र भित्रका सबै वडाबाट २ जनाका दरले १४ जना महिलाहरुलाई **३ महिने व्युटिपार्लर तालिम** र २ जनाका दरले १४ जना महिलाहरुलाई **३ महिने बुटिक तालिम** संचालन गर्न लागिएको हुँदा सो तालिममा सहभागी हुन चाहने गाउँपालिका क्षेत्र भित्र सम्बन्धित वडाका १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका कम्तीमा आधारभूत तह (कक्षा ८) उतीर्ण गरेका महिलाहरुले देहायमा उल्लेखित कागजात सहित कुन विषयको तालिम लिन चाहेको हो सो खुलाई मिति २०७६ साल माघ मसान्त भित्र यस हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिन हुन सरोकारवाला सबैको जानकारीको लागि प्रकाशित गरिएको सूचनामा उल्लेख भए बमोजिम **आवेदन दिन पाउने अवधि मिति २०७६ साल फाल्गुन १० गते सम्म थप गरिएको छ ।**

**क. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि

३. बसाई सरी आएको भए बसाई सराई प्रमाण पत्रको प्रतिलिपि

**ख. छनौटका आधारहरु**

१. छनौट वडागत आधारमा हुनेछ। हरेक वडाबाट २ जनाका दरले छनौट गरिने छ।

२. कुनै वडाका लागि दुई भन्दा बढी आवेदन पेश भएमा शैक्षिक योग्यता प्रमाणपत्रमा उच्चतम अंक प्राप्त गर्ने दुई जनालाई छनौट गरिनेछ। समान अंक प्राप्त गर्ने आवेदकहरु २ जना भन्दा बढी भएमा अन्तर्वार्ताका माध्यमबाट छनौट गरिनेछ।

३. शैक्षिक योग्यता वापतको अंक गणना देहाय अनुसार गरिनेछ।

| तहको शैक्षिक उपाधि वापतको नम्बर | | | |
|---|---|---|---|
| Third division | Secend division | First division | Distiction |
| 5 | 10 | 15 | 20 |

प्रमुख प्रशासकिय अधिकृत